# नेपाल राजपत्र

## भाग ४


श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत ३० गते २०३२ साल


श्री ५ को सरकार

### उद्योग तथा वाणिज्य मन्त्रालयको
### सूचना

कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मोल निर्धारण गर्ने उद्देश्यको लागि बागमती अञ्चलमा देहाय अनुसार अध्यक्ष र सदस्य भएको मूल्य निर्धारण सल्लाहकार समिति गठन गरेको छ।

१) बागमती अञ्चलाधीशज्यू – – – – – – – – अध्यक्ष
२) उद्योग वाणिज्य मन्त्रालयका प्रतिनिधि – – – – – – – सदस्य
३) सचिव–मूल्य व्यवस्था समिति, अर्थ मन्त्रालय – – – – – – सदस्य
४) भन्सार विभागका महा–निर्देशक – – – – – – – – सदस्य
५) वाणिज्य विभागका निर्देशक – – – – – – – – – सदस्य
६) चेम्बर अफ् कमर्सका प्रतिनिधि – – – – – – – – सदस्य
७) राष्ट्रिय व्यापार निगमका प्रतिनिधि – – – – – – – – सदस्य

आज्ञाले–

देवेन्द्रराज उपाध्याय

श्री ५ को सरकारको सचिव




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

८६५